# सहुलियतपुर्ण कर्जा सहजीकरणका लागि उद्यमशिलता तथा वित्तीय साक्षरता तालिम सञ्चालन कार्यढाँचा, २०७८

## स्वीकृत मिति २०७८।०५।०९

**१. प्रस्तावना**

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ तथा राष्ट्रिय युवा नीति ,२०७२ को भावना अनुरुप देशको मेरुदण्डको रुपमा रहेका युवाहरुलाई तालिम तथा सीपको माध्यमबाट सीर्जनशील एवं व्यावसायिक क्षमताको विकास गरी राष्ट्रको आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्य रहेको “सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि उद्यमशिलता तथा वित्तीय साक्षरता तालिम” कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न राष्ट्रिय युवा परिषद्वाट यो कार्यढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भ**

क. यो कार्यढाँचाको नाम “उद्यमशिलता तथा वित्तीय साक्षरता तालिम सञ्चालन कार्यढाँचा, २०७८” रहेको छ ।

ख. यो कार्यढाँचा कार्यकारी उपाध्यक्षज्यूवाट स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

**३. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. “मन्त्रालय” भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

ख. “परिषद्” भन्नाले राष्ट्रिय युवा परिषद् सम्झनु पर्छ ।

ग. “कार्यकारी समिति” भन्नाले राष्ट्रिय युवा परिषद् ऐनको दफा ८ बमोजिम गठित समितिसम्झनुपर्छ।

घ. “युवा” भन्नाले १६ देखि ४० वर्ष उमेर समूहका व्यक्ति सम्झनु पर्छ ।

ङ. “तालिम” भन्नाले सहुलियतपूर्ण कर्जा सहजिकरणका लागि उद्यमशिलता तथा वित्तीय साक्षरता तालिमलाई सम्झनुपर्छ ।

च. “प्रशिक्षार्थी” भन्नाले सहुलियतपूर्ण कर्जाका लागि उद्यमशिलता तथा वित्तीय साक्षरता तालिममा भाग लिने व्यक्तिहरुलाई सम्झनुपर्छ ।

छ. "छनौट समिति" भन्नाले यस कार्यढाँचाको दफा ६को उपदफा१मा उल्लेखित समितिलाई सम्झनुपर्छ

ज. "रिटर्नी माइग्रेट" भन्नाले वैदेशिक रोजगारीबाट फर्किएका नेपालीहरुलाइ सम्झनुपर्छ।

झ. "विज्ञ" भन्नाले सम्बन्धित विषयमा अनुभव र दक्षता भएको व्यक्ति सम्झनुपर्छ।

ञ. "लक्षित समूह" भन्नाले आर्थिक रुपमा विपन्न वर्गका महिला एवम् आर्थिक र सामाजिक रुपमा पिछडिएका वर्गहरु (सवै जातजातिका विपन्न वर्गहरु, दलित, आदिवासी जनजाती, अपांगता भएका युवाहरु, मधेशी, मूस्लीम तथा पिछडावर्ग ) एवम् समूदायका युवाहरुलाई सम्झनुपर्छ ।

**४. उद्देश्य**

क. नेपाल सरकार अर्थ मन्त्रालयको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी कार्यक्रमलाई सहजीकरण गर्ने ।

ख. बेरोजगार युवालाई उद्यमशील बन्न प्रेरीत गर्ने।

ग. युवाहरुलाई तालिम तथा सीपको माध्यमबाट सीर्जनशील एवम् व्यावसायिक क्षमताको विकास गर्ने ।

**५. तालिम सम्वन्धी व्यवस्था**

१. **सञ्चालन हुने स्थान**—राष्ट्रिय युवा परिषद्मा र स्थानीय तह तथा विभिन्न संघसंस्थाको मागको आधारमा अन्य स्थानमा ।

२. **अवधि**-तालिमको समयावधि ७ दिनको हुनेछ।

३. **सहकार्य, समन्वय तथा साझेदारी –** संघ, प्रदेश, स्थानीय सरकार तथा अन्य निकायएवंसंघसंस्थाहरुसंग लागत साझेदारीको आधारमा तालिम सञ्चालन गर्न सकिनेछ।

४. **पाठ्यक्रम**-ILO को GYB/SYB तालिम प्याकेजको आधारमा तालिम सञ्चालन गरिनेछ ।आवश्यकता अनुसार ILO संगको समन्वयमा तालिम प्याकेज परिमार्जन गरिनेछ।

५. **तालिमका सहभागीको लागि आवश्यक योग्यता :-**

क. १६ वर्ष पुरा भई ४० वर्ष ननाघेका तर बैदेशिक रोजगारीबाट फर्किएका युवाहकमा उमेरको हद लाग्ने छैन।

ख. नेपाली नागरिक हुनुपर्नेछ ।

ग. आधारभूत शिक्षा (८ कक्षा)उत्तीर्ण गरेको हुनुपर्नेछ।

घ. वैदेशिक रोजगारीबाट फर्किएका नेपाली र लक्षित समूहलाई विशेष प्राथमिकता दिईनेछ।

६. अन्य आवश्यक योग्यता र मापदण्ड प्रशिक्षार्थी छनौट समितिले तोकेबमोजिम हुनेछ ।

७. **सूचना प्रकाशन**- तालिममा सहभागिताको लागि प्रचार प्रसार गर्न कार्यालयको सूचना पाटी/वेवसाइटमार्फत सूचना सम्प्रेषण गरिनेछ ।साथै गाउँपालिका राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघ सँगको समन्वयमा स्थानीय तहहरुमा पत्राचार तथा सूचना सम्प्रेषण गरिनेछ ।सूचनाको अवधि कम्तिमा १५ दिनको हुनेछ ।

८. **निवेदन पेश गर्ने तरिका एवम् सो सम्वन्धी व्यवस्था**-तोकिए बमोजिमको अवधिभित्र आवश्यक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी संलग्न गरी अनुसूची नं.२ बमोजिमको ढाँचामा केन्द्रमा सञ्चालन हुने तालीमको हकमा राष्ट्रिय युवा परिषदमा र स्थानीय तहमा सञ्चालन हुने तालीमको हकमा समबन्धित स्थानीय तहमा नै दरखास्त दिनुपर्नेछ।रीतपुर्वक पेश नभएको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही हुनेछैन ।

९. **छनौटको प्रक्रिया**-यस कार्यढाँचा बमोजिम राष्ट्रिय युवा परिषद्मा सञ्चालन हुने तालिमको हकमा छनौट समितिबाट यस अघि उद्यमशिलता तथा वित्तीय साक्षरता तालिममा सहभागि नभएका उद्यमशील युवाहरुलाई छनौट गर्नुपर्नेछ भने स्थानीय तहमा सञ्चालन हुने तालिमको हकमा १ दिने उद्यम परामर्श कार्यक्रममार्फत Aptitude Test गरी सहभागी छनौट गर्ने जिम्मा सम्वन्धित स्थानीय तहको हुनेछ । साथै समूहमा तालिम माग गर्नेलाइ प्राथमिकता दिनुपर्नेछ।

१०. **प्रशिक्षार्थीहरुलाई प्राप्त हुने सुविधा र सहुलियत**-तालिम निशुल्क दिईनेछ।साथै तालिमका सहभागीहरुलाई खाना वा खाजा र स्टेशनरी उपलब्ध गराईनेछ।स्थानीय तहले थप सुविधा प्रदान गर्न चाहेमा यातायात खर्च तथा आवास सुविधा उपलब्ध गराउन सक्नेछ ।

११. **तालिम प्रमाणपत्र**

क.प्रशिक्षार्थीहरुलाई तालिम सम्पन्न भएपछि अनुसूची ३ बमोजिमको ढाँचामाप्रमाणपत्र दिईनेछ ।

ख. प्रशिक्षार्थीहरु तालिमको पुरै अवधि उपस्थित हुनुपर्नेछ ।यदि कारणवश कुनै दिन छुट हुन गएमा सोही विषयको अर्को तालिममा तत् तत् दिनमा सहभागी भएमा मात्र उपदफा १० को 'क' बमोजिम प्रमाणपत्र पाँउनेछ ।

ग. प्रमाणपत्र नष्ट भएमा वा हराएमा कारण सहितको निवेदन साथ रु २००।- दस्तुर लिई प्रमाणपत्रको प्रतिलिपी उपलब्ध गराइनेछ ।

१२. **अभिलेख व्यवस्थापन तथा अनुगमन मुल्याकन**

क. तालिम प्रमाणपत्र प्राप्त सहभागिहरुको तालिम पश्चातको अवस्था जानकारी लिन स्थलगत अनुगमन मुल्याकंन, स्थलगत सहजीकरण तथा फोन सम्पर्कबाट समेत follow upगरिनेछ ।

ख. तालिम प्रमाणपत्र प्राप्त सहभागिहरुको आवश्यक विवरण राष्ट्रिय युवा परिषद्को Web Site मा समेत अभिलेख व्यवस्थापन गरिनेछ ।

ग. तालिम प्रमाणपत्र प्राप्त सहभागिहरुको विवरण राष्ट्रिय युवा परिषद्सगं सहुलियतपूर्ण कर्जा कार्यान्वयनको लागि सम्झौता भएका वैक तथा वित्तिय सस्थामा समेत पठाइनेछ ।

## ६.प्रशिक्षार्थी छनौट समिति

१. कार्यढाँचा अनुसारको तालिमको लागि तपसील बमोजिमको एक प्रशिक्षार्थी छनौट समिति रहनेछ

क. उपसचिव,राष्ट्रिय युवा परिषद्,युवा तालिम तथा अनुसन्धान शाखा-संयोजक

ख. अधिकृतप्रतिनिधि,युवा तथा खेलकुद मन्त्रालयको सम्वन्धित शाखा -सदस्य

ग. अधिकृतप्रतिनिधि, छनौट समितिले तोकेको वित्तीय संस्थाको प्रतिनिधि-सदस्य

घ. शाखा अधिकृत,राष्ट्रिय युवा परिषद्,युवा तालिम तथा अनुसन्धान शाखा-सदस्य सचिव

वजेटको परिधिभित्र रही बढीमा २ जना(विज्ञ/विशेष उपस्थिती/आमन्त्रीत) समेत आमन्त्रित तथा १ जना सहयोगी कर्मचारी राख्न सकिनेछ ।प्रशिक्षार्थी छनौट समितिका प्रत्येक सदस्यलाई नियमानुसार बैठक भत्ता र खाजा उपलब्ध गराइनेछ ।

२. **प्रशिक्षार्थीको छनौट-**छनौट समितिले प्रशिक्षार्थी छनौट गर्दा अनुसूची १ अनुसारको तालिम आवेदन फारामका आधारमा विभिन्न क्षेत्रहरुबाट समावेशी प्रतिनिधित्व हुनेगरी यस कार्यढाँचाको अनुसूची ५मा तोकिएको मापदण्ड बमोजिम छनौट गर्नुपर्नेछ ।समूहमा निवेदन दिएकाहरुलाई प्राथमिकता दिई छनौट गर्न सकिनेछ ।

३. **प्रतिवेदन-**प्रत्येक तालिम सम्पन्न भएपश्चात सोको प्रतिवेदन संयोजक/व्यवस्थापकले राष्ट्रिय युवा परिषदमा अनुसूची ६ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ ।

४. **खर्चको मापदण्ड-**यो कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्दा स्वीकृत कार्यक्रम र बजेटको परिधिभित्र रही नेपाल सरकारको स्वीकृत नर्म्स बमोजिम गरिनेछ ।

## ७. विविध

१. यो कार्यढाँचाको स्वीकृती, संशोधन र व्याख्या कार्यकारी उपाध्यक्षज्यू वाट हुनेछ ।
२. यस कार्यढाँचामा उल्लेख नभएका विषयहरुको हकमा आवश्यकता अनुसार सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।
३. यस तालिमको सञ्चालनको लागि यस कार्यढाँचामा उल्लेखित प्रक्रियाहरुसँग नबाझिने एवम् प्रचलित ऐन कानून र परिपत्रहरुसँग प्रतिकूल नहुने गरी आवश्यकता अनुसार अन्य प्रक्रियाहरुका सम्बन्धमा राष्ट्रिय युवा परिषद्ले निर्देशन दिन सक्नेछ ।

# अनुसूची १

राष्ट्रिय युवा परिषद्, स्थानीय तह तथा बैंक/बित्तियसंस्था का बीच गरिएको त्रिपक्षीय सम्झौता

## (दफा ५को उपदफा ३ संग सम्बन्धित)

युवालाई उद्यमशीलताको मार्गदर्शन गराउन परामर्श तथा सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता तथा वित्तिय साक्षरताको आधारभूत तालिम सञ्चालन गर्ने सम्बन्धमा राष्ट्रिय युवा परिषद् (जसलाई यसपछि प्रथम पक्ष भनिनेछ)...............................गाउँ, नगरपालिका जसलाई यसपछि दोस्रो पक्ष ) र (भनिनेछ..................................बैङ्क का बीच गरिएको त्रिपक्षिय ( जसलाई यसपछि तेस्रो पक्ष भनिनेछ) समझदारी

*१पृष्ठभूमि*

राष्ट्रिय युवा परिषदको पहलकदमीको परिणाम स्वरुप नेपाल सरकार अर्थमन्त्रालयद्वारा उद्यमी युवाहरुलाई शुरुवाती पूँजीको सुनिश्चितता र प्रवर्द्धनका लागि नेपाल भित्रै व्यवसाय गर्न प्रोत्साहित गर्नेउद्धेश्यका साथ नेपालको मौलिक पहिचान, प्राकृतिक स्रोत साधनमा आधारित भई कृषी, पशुपालन,पर्यटन, वन, जडिबुटी, खनिज,जलश्रोत र विज्ञान तथा प्रविधि क्षेत्रमा गरिने उद्यमहरूमा परियोजना धितो राखी सरकारको तर्फबाट व्याज अनुदान सम्बन्धी सहुलियतपूर्ण कर्जा परियोजना जारी गरिएको छ ।नेपाली युवाको समग्र विकासका लागि राष्ट्रिय युवा नीति 2072, युथ भिजन२०२५ तथा दशवर्षे रणनीतिक योजनामा उल्लेखित युवा विकासका पाँच आधारस्तम्भहरूको परिधिभित्र रही नेपाली युवालाई उद्यमशील, स्वरोजगार र आत्मनिर्भर बनाउँदै सबल अर्थतन्त्रको विकासका माध्यमबाट समृद्ध नेपाल निर्माणमा युवालाई सहभागि गराउनु आवस्यक रहेको छ ।

युवाहरुमा सकारात्मक सोच निर्माण गरी आशा र विश्वास दिलाई उद्यमशीलता विकास र वित्तिय साक्षरताको आधारभूत तालिम प्रदान गरी युवालाई उद्यमका लागि सक्षम बनाउन आवश्यक रहेको र उद्यम परियोजनाका आधारमा सहुलियतपूर्ण कर्जा प्रवाह गरी नेपाल भित्र युवा उद्यम प्रवर्द्धनको क्षेत्रमा महत्त्वपूर्ण परिवर्तन ल्याउन समन्वय तथा सहकार्यका माध्यमबाट सेवा प्रवाह गर्ने उद्देश्यले प्रथम पक्ष, दोस्रो पक्ष र तेस्रो पक्षबीच यो सम्झौता गरिएको हो ।

## २ त्रिपक्षीय (समझदारीको उद्देश्य

(क)युवा उद्यमी र अवसरको संयोजन गरी उद्यम प्रवर्द्धनमा सहयोग पुऱ्याउने,

(ख) नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी गरिएको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ कार्यान्वयनमा सहयोग पुऱ्याउने,

(ग)उद्यमी युवाहरुको क्षमता विकासगरी सहुलियतपूर्ण कर्जा प्रवाहमा सहजीकरण गर्ने,

(घ)उद्यमशीलताका माध्यमबाट युवालाई उत्पादनसँग जोड्ने र रोजगारी सिर्जना गरी बाध्यतावस् हुने युवाको वैदेशिक पलायनलाई न्यूनीकरण गर्ने,

(ङ)युवालक्षित कार्यक्रमहरूको कार्यान्वयनमा साझा उद्देश्य प्राप्तिका लागि राष्ट्रिय युवा परिषद, विभिन्न सरकारी निकाय,स्थानीय सरकारहरु तथा वित्तीय संस्थाहरू बीचको समन्वय र सहकार्यको वातावरण तयार गर्ने ।

(च )सहुलियतपुर्ण कर्जा प्राप्त गर्ने उद्दमीहरुको गतिबिधिलाई राष्ट्रिय युवा परिषदको संयोजनमा स्थानीयतह ,कर्जा प्रवाह गर्ने बैक तथा वित्तीय सँस्थाहरुलाई अनुगमन तथा सुपरिवेक्षणका लागि उत्प्रेरित गर्ने,

(छ) सहुलियतपुर्ण कर्जा सहजीकरणको लागि उद्यमशीलता तथा बित्तीय साक्षरता (Generate your business-GYB , Start your business-SYB) सम्बन्धी तालिम सञ्चालनको लागत साझेदारीको नमुना ढाँचा स्थापित गरी विस्तार गर्दै लैजाने ।

## ३ अपेक्षित उपलब्धि

(क) नेपाल सरकार अर्थ मन्त्रालयको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम लक्षित वर्गमा कर्जा प्रवाह भई उक्त कार्यविधिको प्रभावकारी कार्यान्वयन भएको हुने,

(ख) सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम उद्यमशीलता र वित्तीय साक्षरता तालिम लिएका युवा तथा अन्य युवाले सहजरूपमा उद्यमका लागि कर्जा प्राप्त गरेको हुने,

(ग) तालिमप्राप्त र लगानीको सुनिश्चितता भएका युवा उत्प्रेरित भइ उद्यमशीलताका माध्यमबाट रोजगारी तथा स्वरोजगारीको अवसर उपलब्ध हुने,

(घ युवा उद्दमशिलता र स्वारोजगारका लागि राष्ट्रिय युवा परिषद्, स्थानीय सरकार र वित्तीय संस्थाहरू बीचको समन्वय र सहकार्य सुदृढ भएको हुने,

(ङ) युवाहरुमा बाध्यतावस विदेशिनुपर्ने अवस्थाको अन्त्य भइ आत्मनिर्भर र सवल अर्थतन्त्रको विकासमा सकारात्मक टेवा पुगेको हुने ।

**४प्रक्रियाहरुः .**

त्रिपक्षीय सम्झौता पश्चात परामर्श तथा तालिम सञ्चालनको लागि निम्न प्रक्रियाहरू अवलम्वन गरिने छ ।

(क) उद्यमशिलता कार्यक्रममा आवद्ध हुन चाहने युवाहरुका लागि सूचना आव्हान,

(ख) स्वरोजगारका लागि युवा उद्यमशिलता कार्यक्रममा आवद्ध हुन निवेदन दिएका युवाहरुलाई एक दिने सकारात्मक सोच निर्माण तथा उद्यम परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) एक दिने परामर्शमा सहभागी युवाहरु मध्येबाट उद्यम मनोविज्ञान परीक्षणको माध्यमवाट तुलनात्मक हिसावले योग्य उद्यमी युवाहरुको छनोट गरिनेछ ।

(घ) परामर्शबाट छनोट भएका युवाहरुलाई सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता विकास तथा वित्तीय साक्षरता (Generate your business-GYB,Start your business-SYB)सम्बन्धी सात दिने तालिम सञ्चालन गरिनेछ।

(ङ) तालिमको अवधि ७ दिन (४२ घण्टा)पूरा गर्ने सहभागीहरूलाई मात्र प्रमाणपत्र प्रदान गरिनेछ

(च)तालिम पश्चात परियोजना प्रस्ताव निर्माणमा आवश्यकतानुसार समन्वय तथा सहजीकरण गरिनेछ।

(छ) पहिलो पक्ष, दोस्रो पक्ष र तेस्रो पक्षबीच त्रिपक्षिय सम्झौता गरी सोही बमोजिम कार्यक्रम कार्यान्वयन, अनुगमनतथा सहुलियतपूर्ण कर्जा सहजीकरण गरिनेछ

## ५कार्य जिम्मेवारीहरुः .

**अपहिलो पक्षको जिम्मेवारी (**

क) दोश्रो पक्षले उपलब्ध गराएका निवेदक युवा उद्यमीहरुलाई एकदिने उद्यम परामर्श कार्यक्रम संचालन गर्ने ।

ख) एकदिने परामर्श कार्यक्रमका सहभागीहरू मध्येबाट मनोवेत्ता मार्फत मनोविज्ञान परीक्षण गरी तुलनात्मक हिसावले योग्य उद्यमी युवाहरु छनौट गर्ने,

ग) उद्यमशीलता विकास तथा वित्तीय साक्षरता (Generate your business-GYB , Start your business-SYB- Provided by ILO) तालिम प्याकेज अनुरुप दोस्रो पक्षले उपलब्ध गराएको मिति र स्थानमा तालिम सञ्चालन गर्ने ।

घ) तालिमकोव्यानर, प्रमाणपत्रको नमुना र तालिम सामग्रीहरुको सूचि दोस्रो पक्षलाई  उपलब्ध गराउने ।

ङ) सहभागी छनौट गर्नको लागि परामर्श विज्ञ तथा तालिम सञ्चालनका लागि आवश्यकपर्ने प्रशिक्षकको तयारी तथा परिचालनमा संयोजन गर्ने  ।

च) सम्झौता बमोजिम दोस्रो र तेस्रो पक्षको भूमिकामा आधारित भइ अनुमानित खर्च विवरण तयार गरी एक-एक प्रति दोस्रो र तेस्रो पक्षलाई समेत उपलब्ध गराउने ।

छ) परामर्श र तालिममा सहभागी भइ प्रमाणपत्र प्राप्त युवाहरुको अभिलेखीकरण गर्ने र आवश्यकता अनुसार दोस्रो र तेस्रो पक्षलाई उपलव्ध गराउने ।

ज) यस कार्यक्रमको संक्षिप्त विवरण तयार गरी सहुलियतपूर्ण कर्जा नियमनको प्रमूख निकाय नेपाल राष्ट्र वैंकलाई उपलव्ध गराउने,

झ) सहुलियतपूर्ण कर्जा प्रवाहका सरोकारवाला पक्षहरु वीच आवश्यकता अनुसार समन्वय बैठकको संयोजन गर्ने ।

ञ) तालिमको विस्तृत प्रतिवेदन तयार गरी १ प्रति दोस्रो पक्षलाई समेत उपलब्ध गराउने ।

ट) प्रशिक्षकहरुको सहयोगमा परामर्श तथा तालिम अनुशासन आचारसंहिता तयार गरी दोस्रो पक्षलाई उपलव्ध गराउने

ठ) तालिममा सहयोग गर्ने विभिन्न निकाय तथा सँघ संस्थाहरुसँग समन्वय गर्ने ।

ड) युवा उद्यम प्रवर्द्धन कार्यक्रमको मूल संयोजनको भूमिका निर्वाह गर्ने

ढ) कार्यक्रमका दौरान उठेका सवालहरुलाई सम्वन्धित सरोकारवालाहरुको समन्वयमा समाधानका लागि आवश्यक संयोजन गर्ने।

**आ) दोश्रो पक्षको जिम्मेवारी**

क) युवा उद्यम प्रवर्द्धन कार्यक्रममा सहभागी हुन चाहने युवाहरुका लागि नागरिकताको फोटोकपी १ थान, कम्तीमा कक्षा ८ उत्तिर्णको प्रमाणपत्र (रिटर्नीको लागि पासपोर्ट थपसहित) उपलव्ध हुने गरी दरखास्त आव्हान गर्ने,

ख) युवा उद्यम प्रवर्द्धन कार्यक्रम अनुसार परामर्श कार्यक्रममा सहभागी हुन चाहने युवाहरुको विस्तृत विवरणसहितको नामावली पहिलो पक्षलाई उपलब्ध गराउने ।

ग) पहिलो पक्षको समन्वयमा १ दिने परामर्श तथा ७ दिने तालिमको मिति तथा स्थानको चयन गरी सोही मिति र स्थानमा सहभागीहरुलाई आमन्त्रण गर्ने।

घ) परामर्शको लागि प्रति समूह बढिमा १०० जना र  तालिम कार्यक्रमका लागि वढीमा प्रति समूह ३० जना हुने गरी हल व्यवस्थापन, सहभागीका लागि स्टेशनरी, व्यानर, प्रमाणपत्र, माइक, ल्यापटप, प्रोजेक्टर लगायत तालिमका लागि आवश्यक सामाग्रीहरू तथा खाजा र खानाको व्यवस्थापन गर्ने ।

ङ) सहभागीहरूलाई १ दिने परामर्श र ७ दिने तालिममा नियमित रूपमा उपस्थित गराइ प्रशिक्षकले तयार गरेको परामर्श तथा तालिम अनुशासन आचारसंहिता पालना गराउने ।

च) आवश्यकतानुसार सहभागीहरुको आवास, खाजा,खाना तथा आतेजाते व्यवस्थापनको जिम्मेवारी लिने ।

छ) कार्यक्रम संयोजनकर्ता,परामर्शदाता, प्रशिक्षक तथा मनोविज्ञानवेत्ताहरुको समूहका लागि आवास, खाजा तथा खाना व्यवस्थापन गर्ने ।

ज) परामर्श र तालिमको प्रभावकारीताको लागि आवश्यक पर्ने सभा समारोह,गोष्ठी, अन्तरक्रियामा उपस्थित गराउने अतिथिहरुको व्यवस्थापन गर्ने ।

झ) तालिमप्राप्त युवाहरुलाई व्यवसायिक परियोजना प्रस्ताव सहित वैंक तथा वित्तिय संस्थामा पठाउने ।

ञ) कोभिड १९ को महामारीको कारणले सहजकर्ता, व्यवस्थापक एवम् सहभागीहरूलाई आवस्यकतानुसार स्वास्थ्य सुरक्षा सामग्रीहरूको व्यवस्था तथा मापदण्डको पालना गर्ने गराउने ।

**इ )तेस्रो पक्षको भूमिका**

१. प्रथम पक्षले सञ्चालन गर्ने युवा उद्यम परामर्श तथा सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता तथा वित्तिय साक्षरताको ७ दिने तालिम वढिमा ३० जनाको एक समूह हुने गरी तालिम सञ्चालनका लागि वित्तिय सहभागिता स्वरुप तालिम सम्पन्न भए पश्चात प्रति समुह रु १५०००० (अक्षरुपी रु एकलाख पचास हजार मात्र) का दरले प्रथम पक्षलाई उपलब्ध गराउने ।

२. सहुलियतपूर्ण कर्जा र बैंकिङ प्रक्रिया सम्बन्धी विषयमा प्रशिक्षण दिने ।

३. सहुलियतपूर्ण कर्जा प्रवाहमा तालिम प्राप्त युवाहरुलाई उच्च प्राथिमकतामा राखी परियोजना प्रस्तावका आधारमा रु१५ लाख सम्म विना धितो र सो भन्दा माथिको ऋण प्रवाह गर्नु परेमा उद्यमी र बैंकको समझदारीमा सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने ।

४. राष्ट्रिय युवा परिषदले संयोजन गरेको सरोकारवालाहरुको बैठक,भेला तथा अन्तरक्रिया कार्यक्रममा सहभागी हुने।

५. कार्यक्रमको दौरानमा आएका बैंकसँग सम्बन्धित प्रथम पक्ष र दोस्रो पक्षका गुनासाहरुको सुनुवाई गर्ने र न्यायोचित समाधानको अग्रसरता लिने ।

६.  उद्यम परामर्श तालिम तथा आवश्यकताअनुसार उद्यम व्यवसायको त्रिपक्षीय अनुगमनको संयोजन गर्ने ।

**७. विविध**

८. बैंक र उद्यमीहरुको वीचमा भएको समझदारी बमोजिम उत्पन्न किस्ताको दायित्व उद्यमीहरुले समयमा फिर्ता गर्नु पर्नेमा कुनै कारणले फिर्ता नगरेमा सम्बन्धित बैंकको अनुरोधको आधारमा प्रथम र द्वितीय पक्षले किस्ता फिर्ताको सहजीकरण गर्ने ।

१. तीनवटै पक्षको आपसी समन्वयमा स्रोत सामर्थ्यको पहिचान गरी युवा उद्यम प्रवर्द्धन  कार्यक्रम अन्तरगतका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

२. कार्यक्रम सञ्चालनका क्रममा सहुलियतपूर्ण कर्जा प्रक्रिया लगायत बैङ्कले प्रदान गर्ने अन्य सेवा सुविधाको प्रवर्द्धन गर्न सक्ने ।

३. यस सम्झौताको कार्यान्वयनमा आवश्यक समन्वय गर्नका लागि तीनैपक्षबाट सम्पर्क व्यक्ति तोकी जिम्मेवारी दिने र सोको जानकारी एक अर्कालाई उपलब्ध गराउने ।

४. सम्झौताको कार्यान्वयनका क्रममा कुनै अस्पष्टता वा विवाद आएमा तीनै पक्षको आपसी समझदारीको माध्यमबाट समाधान गरिनेछ । साथै आपसी समन्वय र समझदारीमा परिमार्जनवा परिवर्तन गर्न सकिनेछ ।

५. कार्यक्रमको प्रभावकारीताको आधारमा आपसी सहमतीमा पुन: सम्झौता तथा नविकरण गर्न सकिनेछ ।

६. यस सम्झौताको व्याख्या एवं कार्यान्वयन र यस सम्झौतामा नपरेका विषयहरू प्रचलित कानून बमोजिम हुनेछ

**हस्ताक्षर**

**१ राष्ट्रिय युवा परिषद्को तर्फवाट**

**२ स्थानीय पालिकाको तर्फवाट**

**३ बैंक बित्तियसंस्थाको तर्फवाट**

# अनुसूची २

## उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम आवेदन फारामको ढाँचा

**(दफा ५ को उपदफा ७ सँग सम्बन्धित)**

पासपोर्ट
साईजको
फोटो २ प्रति

श्रीमान् प्रमुखअध्यक्ष ज्यू/
.........................
..........................

**विषयः उद्यमशीलता तथा वित्तीय साक्षरता तालिममा सहभागी हुन पाउँ ।**

महोदय

राष्ट्रिय युवा परिषद् र ...........................पालिकाको साझेदारीमा सञ्चालन गरिने सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता तथा वित्तीय साक्षरता तालिममा सहभागी भई नयाँ उद्यमव्यवसाय स्थापना गर्ने मेरो / ईच्छा भएकोले निम्न व्यक्तिगत विवरण सहित देहायका कागजातहरू संलग्न गरी यो निवेदन पेश गरेको छु ।

१. व्यक्तिगत विवरण -

क. निवेदकको नाम थर:

ख. ठेगाना:

ग. शैक्षिक योग्यता:

घ. लिङ्ग:

ङ. उमेर:

च. उद्यम गर्न चाहेको क्षेत्र/व्यवसाय:

छ. विवाहित/अविवाहित/एकल

ज. परिवारिक पेशा:

झ. फोन नं.:

ञ. वैदेशिक रोजगारबाट फर्केको

ट. अपाङ्गता/अन्य

ठ. ईमेल

२. उद्यम/व्यवसाय सम्बन्धी कुनै विशेष सीप /तालिम प्राप्त गरेको भए /सीप तालिमको नाम,अवधि र कहाँबाट प्राप्त गरेको हो ? खुलाउने :

.........................................................................

३. उद्यम/व्यवसाय संचालन गरेको अनुभव छ छैन । छ भने :

उद्यम/व्यवसाय नाम : ...........................................................................

अनुभव अवधि : .............................................................................

४. मेनेजर/लेखा प्रोपाइटर/कामदार वा यस्तै अनुभव केमा छ ? खुलाउने

.................................................................................................

५. पढाइ समाप्तिपछि हालसम्मको कार्य विवरण खुलाउने :

.........................................................................................................

६. यो तालिम समाप्तिपछि के गर्ने विचार छ ? चिनो लगाउने :

(क) नोकरी गर्ने (ख) पारिवारिक पेशामा मद्दत गर्ने

(ग) आफै उद्यम/व्यवसाय खोल्ने (घ) अन्य (खुलाउने) ......................

७. यो तालिम समाप्तिपछि उद्यम/व्यवसाय गर्न चाहने भए कुन उद्यम/व्यवसाय गर्ने विचार छ ? खुलाउनुहोस् : ................................................................................

...................................................................................................

८. यदि कुनै उद्यम/व्यवसाय खोल्ने निश्चय भैसकेको छ भने उद्यम/व्यवसाय स्थापनाका लागि हालसम्म तपाईले के के तयारी गर्नु भएको छ ? खुलाउनुहोस् :

..................................................................................................................................

९. उद्यम/व्यवसाय संचालन गर्न ऋण आवश्यक पर्छ, पर्दैन ? खुलाउनुहोस् :

आवश्यक पर्ने भए, धितो दिन सक्ने / नसक्ने खुलाउनुहोस्

(क) धितो कस्को नाममा छ : (ख) कुन स्थानमा छ :

(ग) कति मूल्य पर्ने धितो छ : (घ) निवेदकको धनीसँगको नाताः

उपरोक्त विवरण ठिक छ। तालिममा रहँदासम्म पूर्ण अनुशासन र तालिमको आचारसहिंता पालना गरी तालिम हासिल गर्नेछु। यो तालिम पश्चात् नयाँ व्यवसाय शुरुवात गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

**पेश गर्नुपर्ने कागजातहरू**

- I. नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ थान
- II. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी १ थान (माथिल्लो एक तहको मात्र)
- III. पासपोट साइजको फोटो २ थान
- IV. वैदेशिक रोजगारबाट फर्केकाको हकमा Arrival stamp,visa,passport को प्रतिलिपी
- V. अपाङ्गताको हकमा अपाङ्ग परिचयपत्र

आवेदकको सही ..................................

मिति..............................

अनुसूची ३ क

तालिम प्रमाण-पत्रको ढाँचा

(दफा ५ को उपदफा १० संग सम्बन्धित)

# प्रमाण-पत्र

**यस परिषद्को आयोजनामा सञ्चालित सहुलियतपूर्ण कर्जा सहजीकरणको लागि उद्यमशीलता तथा वित्तीय साक्षरता तालिममा मिति .......... देखि ......... सम्म (७ दिन) सफलतापुर्वक सहभागी हुनुभएकोले जिल्ला म.न.पा./उ.म.न.पा./न.पा/गा पा वडा नं......बस्ने तपाँई श्री......................लाई सधन्यवाद यो प्रमाण पत्र प्रदान गरिएको छ ।**

| ... .................. | ............ | ................... | .................... |
|---|---|---|---|
| प्रशिक्षक | तालिमसंयोजक | प्रशासकीय प्रमुख | कार्यकारी उपाध्यक्ष |

अनुसूची ३ख

तालिम प्रमाण-पत्रको ढाँचा

(दफा ५ को उपदफा १० संग सम्बन्धित)

# प्रमाण-पत्र

**यस परिषद् र ....................को साझेदारीमा सञ्चालित सहुलियतपूर्ण कर्जा सहजीकरणको लागि उद्यमशीलता तथा वित्तीय साक्षरता तालिममा मिति .......... देखि ......... सम्म (७ दिन) सफलतापुर्वक सहभागी हुनुभएकोले ................... जिल्ला म.न.पा./उ.म.न.पा./न.पा/गा पा वडा नं......बस्ने तपाँई श्री........................लाई सधन्यवाद यो प्रमाण पत्र प्रदान गरिएको छ ।**

| | | | |
|---|---|---|---|
| ... .................. | ............ | ................... | .................... |
| प्रशिक्षक | तालिमसंयोजक | प्रशासकीय प्रमुख | कार्यकारी उपाध्यक्ष |

# अनुसूची ४

## तालिम मूल्याङ्कनफारमको ढाँचा

**(दफा ५ को उपदफा १२ संग सम्बन्धित)**

मितिः

**<u>उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम मूल्याङ्कन फाराम</u>** <u>२०७८</u>

१. तालिममा समावेश गरिएकाविषयवस्तु :

धेरै उपयोगी ☐ उपयोगी ☐ कमउपयोगी ☐

२. तालिममाव्यबस्थापन

धेरै राम्रो ☐ राम्रो ☐ ठिकै ☐

३. प्रशिक्षण विधि :

धेरै राम्रो रा☐ ठिकै☐ ☐

४. प्रशिक्षकको प्रस्तुतीतथाव्यवहार

धेरै राम्रो ☐ राम्रो ☐ ठिकै ☐

५. तालिममाउपलब्धखाजा

धेरै राम्रो ☐ राम्रो ☐ ठिकै ☐

६. यो तालिम पछि तपाईको योजना के छ ?

व्यवसाय शुरु गर्ने ☐ व्यवसाय सुधार गर्ने ☐ खासै सोच बनाएको छैन ☐

७. समग्रमा, तालिमकत्तिको प्रभावकारी लाग्यो ?

धेरै राम्रो ☐ राम्रो ☐ ठिकै ☐

८. तालिमले दिनखोजेको मुख्य सन्देश के हो जस्तो लाग्छ ?

९.  तालिममा समावेश गरिएकाविषयहरू मध्ये सबैभन्दाउपयोगीकुनकुनबिषयहरू लाग्यो ?

१०. तालिममा समावेश गरिएकाविषयहरू मध्ये तपाईलाई कुनबिषयबुझ्नगाह्रो भयो ?

११. तालिमको औचित्य सम्वन्धमातपाईंको राय के छ ?

१२. यो तालिमआगामीदिनमाअझप्रभावकारी बनाउनतपाईंको सल्लाह र सुझाव के छ ?

१३. तपाईंले आगामीदिनमा राष्ट्रिय युवा परिषद्बाट उद्यमशीलताविकासको लागि के अपेक्षागर्नु भएको छ ?

१४ उद्यम सुरुआतगर्न वाविस्तार गर्न तपाईंको प्रतिवद्धता के छन् उल्लेख गर्नुहोस् ।

१५ .यदिकुनै सिपमूलकतालिमलिनचाहनु हुन्छ भने कुनसिपको तालिमलिनचाहनु हुन्छ ?

## उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम सम्पन्न पछिको कार्ययोजना

नामः                                        सम्पर्क नम्वर :

ठेगाना :

व्यवसायको नाम :

| क्र.सं | तालिमबाट फर्किएर गएपछि सम्पन्नगर्ने कृयाकलापहरू | कहिले सम्मगर्ने | को को सँग समन्वयगर्ने | कसले गर्ने | आवश्यक सहयोग के | सहयोगीनिकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (के गर्ने) | | | | चाहिन्छ ? | | |
| १. | व्यवसायको बजार अध्ययन र छनौट गर्ने वाविस्तार गर्ने | | | | | | |
| २. | व्यावसायिक योजनातयारी | | | | | | |
| ३. | सिपमूलकतालिमलिने | | | | | | |
| ४ | व्यवसायकालागिआवश्यकजग्गा (स्थान) | | | | | | |
| ५. | स्व लगानी/ ऋृण | | | | | | |
| | | | | | | | |

# अनुसूची ५

## स्थानीय तहले तालिमका लागि युवा छनौट मापदण्ड निर्माण गर्दा अपनाउनुपर्ने आधारहरु
## (दफा ६ को उपदफा २ संग सम्बन्धित)

| | अंक |
|---|---|
| दलित, जनजाति, मधेशी, मुस्लिम | -२० |
| महिला | -२० |
| स्थानीय वासिन्दा | -१० |
| पिछडिएको क्षेत्र | -१० |
| विपन्न | -२० |
| आगलागि, भुकम्प, बाढी पिडित | -२० |
| जम्मा | १०० |

## अनुसूची ६

## सात दिने तालिम समाप्ति पश्चात सम्बन्धित निकायमा पेश गरिने प्रतिवेदनको ढाँचा

(दफा ६ को उपदफा ३ संग सम्बन्धित)

१ पृष्ठभुमी

२ कार्यक्रमको उद्देश्य

३ तालिमको नाम, सञ्चालन स्थान, मिति

४ तालिमको कार्यतालिका

५ सहभागि तथा प्रशिक्षकहरुको विवरण फोन नम्बर सहित

६ तालिमको उपलब्धी

७ समस्या तथा समाधानका उपायहरु/सुझावहरु

८ कार्यक्रमका केही झलकहरु

- फोटोहरु
- व्यानरको नमूना
- प्रमाणपत्रको नमूना